apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




मधेश प्रदेश सरकारले शुक्रबार नीति तथा कार्यक्रम ल्याउँदै
समाचार पृष्ठ ४

● वर्षः १२ ● अंकः १३० ● पृष्ठः ४ ● १४ जेठ २०८३ विहीबार (28 May 2026, Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मानव अधिकार संरक्षणका लागि शिक्षा र स्वास्थ्य सुधार अपरिहार्य




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १३ गते**

राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयले बुधबार २६औं वार्षिक उत्सव समारोह आयोजना गरेको छ। कार्यक्रममा मानव अधिकार संरक्षणका लागि शिक्षा, स्वास्थ्य, सुशासन र न्याय प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले मानव अधिकारमैत्री बजेट तथा नीति निर्माणसँगै त्यसको प्रभावकारी कार्यान्वयन भए मात्र मानव अधिकारको सुनिश्चितता सम्भव हुने बताए। उनले मानव अधिकार आर्थिक तथा सामाजिक अधिकारसँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै नागरिकका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको मुख्य दायित्व भएको धारणा राखे।

कर्णले मधेश प्रदेशमा मानव अधिकारको अवस्था सुधार गर्न विशेषगरी शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सुधार आवश्यक रहेको बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले सुशासनबिना मानव अधिकारको परिकल्पना गर्न नसकिने उल्लेख गर्दै राज्य सुशासन स्थापना गर्ने दिशामा केन्द्रित रहेको बताए।

महिला मानव अधिकार रक्षक सञ्जाल धनुषाकी अध्यक्ष रेखा झाले मधेश प्रदेशका विभिन्न जिल्लामा महिलामाथि हिंसाका घटना बढ्दै गएको बताइन्। उनले पीडकलाई कानुनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्न सके मात्र मानव अधिकारको प्रभावकारी संरक्षण हुने धारणा राखिन्।

एडभोकेसी फोरम मधेश प्रदेशका संयोजक अधिवक्ता राजकुमार महासेठले मानव अधिकार उल्लङ्घनका घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही गर्न राज्य गम्भीर हुनुपर्ने बताए। उनले आयोगको कामलाई प्रभावकारी बनाउन आवश्यक सहयोग र समन्वय बढाउनुपर्नेमा जोड दिए।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीले प्रदेश कार्यालयमा हालसम्म ४३२ वटा उजुरी दर्ता भएको जानकारी दिए। तीमध्ये ७१ वटा उजुरीमा कारबाही प्रक्रिया पूरा गरी सक्कल फाइल आयोगको केन्द्रीय कार्यालय पठाइएको उनले बताए।

## सहिद हेमनारायण गोल्डकप: सलहेश युवा क्लब सिरहा फाइनलमा प्रवेश




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १३ गते**

चौथो संस्करणको सहिद हेमनारायण गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो सेमिफाइनल खेलमा सलहेश युवा क्लब सिरहाले फाइनलमा स्थान बनाएको छ।

सिरहा नगरपालिका-३, मखनाहा स्थित शंकर रंगशाला खेलमैदानमा सम्पन्न खेलमा सलहेश युवा क्लबले गोल्डेन स्टार युथ क्लब भलुवा, सुनसरीलाई ३-१ गोल अन्तरले पराजित गर्दै उपाधिनजिक पुगेको हो।

खेलको २८औं मिनेटमा गोल्डेन स्टार युथ क्लबका सुमन चौधरीले गोल गर्दै टोलीलाई सुरुआती अग्रता दिलाएका थिए। तर पहिलो हाफको

बाँकी पृष्ठ ३

## नरहाका विद्यालयले अझै पाएन गतवर्षकै दिवा खाजा, छात्रवृत्ति, मसलन्द र पाठ्यपुस्तक बापतको पैसा

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १३ गते**




सिरहाका स्थानीयतहले प्राय: शिक्षाकामा लगानी नै गर्दैनन्। निती तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषिलाई प्राथमिकता दिने भन्दै ठूला अक्षरमा लेखिएपनि बजेटमा भने यसले स्थान पाईरहेको हुँदैन। केन्द्र र प्रदेशबाट पूर्वाधार विकासका लागि आएका सशर्त बजेट कार्यान्वयनमा समेत स्थानीयतहले विभिन्न बाहानामा छेकबार लगाईरहेका हुन्छन्।

यतिमात्र हैन, नरहा गाउँपालिकाले दिवा खाजा, छात्रवृत्ति, मसलन्द, पाठ्यपुस्तक, ननस्यालरी बापतको रकम पनि समयमा पठाइरहेका छैनन्। शैक्षिकशत्र २०८२ मा विद्यालयले नियमित पाउनुपर्ने विभिन्न शिर्षकको रकम अझै नपाएका हो।

शिक्षा शाखामा कामगर्ने उचित कर्मचारी नभएका कारण गत शैक्षिक शत्रको दिवा खाजा, छात्रवृति, मसलन्द, पाठ्यपुस्तक, ननस्यालरीबापतको रकम नपाएको प्रधानाध्यापकहरु बताउँछन्। विद्यालय सञ्चालनका लागि नियमित आवश्यक पर्ने रकम समयमा प्राप्त नहुँदा समस्या हुनेगरेको प्रधानाध्यापकहरुको दुखेसो छ।

उनीहरुले खाजाको लागि विद्यालय खुलेकैदिनदेखि आवश्यक पर्ने खाद्य सामाग्री, उधारो र व्यक्तिगत लगानीमा किनिरहेको बताए। 'एक वर्षसम्म पसलेले उधारमो दिने कुरै भएन, एक

बाँकी पृष्ठ ३

## रास्वपा सभापतिसहित १७ सांसदमाथि अनुसन्धान गर्न आयोगको सिफारिस

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ १३ गते**

गत वर्ष २३ र २४ भदौको जेन-जी आन्दोलन र प्रदर्शनमा संलग्न रहेको आरोपमा सरकारको नेतृत्व गरिरहेको रास्वपाका १७ सांसदमाथि छानबिन गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगले सिफारिस गरेको छ। रास्वपाका सभापति रवि लामिछानेलगायत १७ सांसदमाथि छानबिन गर्नका लागि आयोगले सरकारलाई सिफारिस गरेको हो।



आयोगले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा रास्वपाका सांसदहरूमाथि छानबिनका लागि सरकारलाई सिफारिस गरेको छ। रास्वपाका नेताहरूलाई समेत छानबिन गर्नुपर्ने सिफारिस गरिएको छ।

सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड, लुटपाट र आगजनी गरिएको भदौ २४ को घटनामा नक्खु कारागारमा थुनामा रहेका रास्वपा सभापति रवि लामिछाने बाहिरिएको घटनालाई लिएर आयोगले छानबिन गर्न भनेको हो। 'लामिछाने थुनामा रहेको ललितपुर नक्खुस्थित कारागारमा पनि रास्वपाका नेता तथा तत्कालीन सांसदहरू मनिष झा र हरि ढकालसहितको भीडले कारागार घेरेको र सुरक्षाको कारण देखाउँदै रवि लामिछाने कारागारबाट बाहिरिएपश्चात सो कारागारका बन्दीहरू कारागार तोडी बाहिर निस्किएको देखिन्छ,' प्रतिवेदनमा

बाँकी पृष्ठ ४

सडक सुरक्षा

मोबाइलमा होइन सडकमा हेरौं,
जीवन लिने दुर्घटना टारौं।

सबैले साबधानी अपनाऔं,
लापरबाही गरी ज्यानलाई
जोखिममा नपारौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३१
: ९८०१३२१७३१
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### दादुराको जोखिममा मधेश

नेपालका विभिन्न जिल्लामा दादुराको संक्रमण फैलिन थालेको छ। स्वास्थ्य सेवा विभाग अन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखाका अनुसार पछिल्ला महिनामा मधेश प्रदेशका सिरहा, महोत्तरी, सर्लाही, बागलुङ, कालिकोट, दैलेख र अछाम लगायत जिल्लाका सयौं बालबालिका दादुरा भाइरसबाट संक्रमित भएका छन्। दादुरा अत्यन्त सङ्क्रामक रोग भएकाले समयमै नियन्त्रण नगरे महामारीको रूप लिन सक्छ। यस्तो अवस्थामा सरकारको प्राथमिकता तीव्र खोप अभियान र प्रभावकारी निगरानी हुनुपर्ने हो। तर आवश्यक खोपको अभावकै कारण प्रभावित अधिकांश क्षेत्रमा पर्याप्त अभियान सञ्चालन हुन सकेको छैन्। दादुरा सामान्य रोग होइन। यसले बालबालिकामा जटिल स्वास्थ्य समस्या निम्त्याउन सक्छ। कमजोर प्रतिरक्षा भएका बालबालिकामा निमोनिया, कुपोषण, मस्तिष्कसम्बन्धी समस्या तथा मृत्युको जोखिमसमेत रहन्छ।

विश्व स्वास्थ्य संगठनले दादुरा नियन्त्रणका लागि उच्च खोप कवरेजलाई अनिवार्य शर्त मानेको छ। प्रभावित क्षेत्रमा रहेका सबै बालबालिकालाई तत्काल खोप उपलब्ध गराउनु राज्यको पहिलो दायित्व हो। तर नेपालमा भने सीमित स्थानमा मात्रै विशेष खोप कार्यक्रम सञ्चालन गरिएको छ। यसले सरकारको तयारी र संवेदनशीलतामाथि प्रश्न उठाएको छ। स्वास्थ्य अधिकारीहरूले समयमै थप खोपको आवश्यकता औंल्याए पनि त्यसतर्फ पर्याप्त ध्यान नपुग्नु कमजोरी हो। बंगलादेशमा फैलिएको ठूलो प्रकोपका कारण दातृ निकायहरूको ध्यान उतैतर्फ केन्द्रित हुँदा नेपालले आवश्यक सहयोग नपाएको भनाइ आएको छ। तर जनस्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा बाह्य सहयोगकै भर पर्नु आफैमा दीर्घकालीन कमजोरी हो। महामारी नियन्त्रणजस्तो विषयमा सरकारसँग आफ्नै आपत्कालीन तयारी, पर्याप्त खोप भण्डारण र द्रुत वितरण प्रणाली हुनुपर्छ। दातृ निकायको प्राथमिकतामा नपरेको बहानाले नागरिकको स्वास्थ्य जोखिममा पार्न मिल्दैन।

मधेश प्रदेशका आठ जिल्लामध्ये तीन जिल्लामा देखिएको यो रोगको संक्रमण रोक्न प्रदेश सरकारले पनि समन्वय गरी आवश्यक प्रयास गर्नुपर्थ्यो। त्यो गर्न सकेको छैन्। दादुराको बढ्दो संक्रमणले नेपालको खोप प्रणाली र स्वास्थ्य पूर्वतयारीको वास्तविक अवस्था उजागर गरेको छ। विगतमा नेपालले खोप अभियानमार्फत अन्तर्राष्ट्रिय स्तरमा प्रशंसा पाएको थियो। तर पछिल्ला वर्षमा खोपप्रतिको बेवास्ता, पहुँचको असमानता र स्रोत व्यवस्थापनको कमजोरीले जोखिम बढाइरहेको देखिन्छ। ग्रामीण र दुर्गम क्षेत्रमा नियमित खोप सेवामा देखिएको कमीले पनि संक्रमण फैलिन सहयोग पुऱ्याएको हुन सक्छ। त्यसैले प्रभावित जिल्लामा तत्काल पर्याप्त खोप उपलब्ध गराइनुपर्छ। विद्यालय, स्थानीय तह र स्वास्थ्य संस्थामार्फत व्यापक जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। साथै, संक्रमण पहिचान, निगरानी र उपचार व्यवस्थालाई पनि प्रभावकारी बनाइनुपर्छ। महामारी नियन्त्रणमा ढिलासुस्ती गर्नु हुँदैन्। बालबालिकाको भविष्यसँग खेलवाड गर्न पाइँदैन्। सार्वजनिक स्वास्थ्य नागरिकको आधारभूत अधिकार हो। त्यसको संरक्षण गर्ने जिम्मेवारी राज्यकै हो। दादुरा नियन्त्रणमा सरकारको सक्रियता, पूर्वतयारी र प्रतिबद्धता अहिलेको सबैभन्दा ठूलो आवश्यकता बनेको छ। त्यसैले तत्काल आवश्यक पहल गर्नुपर्छ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बत्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# संकटमा मधेशको माटो: जैविक गुण सकिंदा ढुंगा जस्तै बन्दैछ खेत

ऋतु काफ्ले






नेपालको अन्न भण्डार मानिने मधेश प्रदेशको माटोको स्वास्थ्य अवस्था पछिल्लो समय निकै चुनौतीपूर्ण बन्दै गएको छ।

केन्द्रीय कृषि प्रयोगशालाले मधेशका विभिन्न जिल्लामा गरेको स्थलगत अध्ययन र माटो परीक्षण नतिजाले माटोको उत्पादक शक्तिमा गम्भीर ह्रास आएको देखाएको हो।

प्रयोगशालाका वरिष्ठ माटो विज्ञ नेत्रप्रसाद भट्टका अनुसार मधेश प्रदेशका धनुषा र सिरहा जिल्लाका १० स्थानीय तहका किसानसँग प्रत्यक्ष अन्तर्वार्ता, स्थलगत अवलोकन र माटोको नमुना संकलन गरिएको थियो।

अध्ययन क्रममा माटोमा कडापन बढ्नुका साथै सुख्खापन, न्यून पानी धारण क्षमता र बालीको जराको वृद्धि विकास ज्यादै न्यून रहेको पाइएको छ।

भट्टका अनुसार किसानले अनुभव सुनाउँदै पहिलेको तुलनामा धेरै गुणा बढी मल प्रयोग गर्दा पनि बाली उत्पादन झन् घट्दै गएको बताएका छन्।

किसानहरूमा माटोमा समस्या आएकै कारण उत्पादन घटेको हो भन्ने सामान्य ज्ञान भए पनि के कति कारण यस्तो भइरहेको छ भन्ने प्राविधिक जानकारी भने ज्यादै न्यून रहेको पाइएको छ।

भट्टका अनुसार मधेशको माटोलाई तत्काल सुधार गर्नुपर्ने आवश्यकता छ। रासायनिक मलको मात्रै एकोहोरो प्रयोग र प्राङ्गारिक मल अभावले माटोको संरचना बिग्रँदै गएको अध्ययनको निष्कर्ष छ।

सरकारको २० वर्षे कृषि विकास रणनीतिले माटोको प्राङ्गारिक पदार्थलाई सन् २०१५ देखि २०३५ सम्म १.९६ प्रतिशतबाट बढाएर ४ प्रतिशत पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य लिएको छ।

'लक्ष्य ठूलो भए पनि त्यसलाई पूरा गर्न आवश्यक कार्यक्रम र कार्यान्वयन पाटो निकै कमजोर देखिएको छ,' उनले भने।

हाल नेपालको माटोमा प्राङ्गारिक पदार्थको औसत मात्रा २.५९ प्रतिशत छ भने तराई क्षेत्रमा यो १.९४ प्रतिशतमात्र छ, जबकि स्वस्थ माटोका लागि ५ प्रतिशत प्राङ्गारिक पदार्थ हुनु अनिवार्य मानिन्छ।

डिजिटल स्वोयल म्यापमा प्रविष्ट गरिएका विवरण उद्धृत गर्दै भट्टले मधेसको ५४.७ प्रतिशत माटोमा अम्लीयपनाको समस्या देखिएको बताए।

त्यसैगरी ५२.२ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थको मात्रा न्यून छ भने ५५.७ प्रतिशतमा फस्फोरस, ५८.४ प्रतिशतमा पोटासियम, ८२.७ प्रतिशतमा जिंक र ५८ प्रतिशत माटोमा बोरन तत्त्वको कमी पाइएको छ। यो अवस्था राष्ट्रिय औसतभन्दा धेरै बढी समस्याग्रस्त हो।

**माटो बिग्रनुका मुख्य कारण**

वरिष्ठ माटो विज्ञ भट्टले माटोमा समस्या आउनुका पछाडि मुख्य चार कारण औंल्याएका छन्। पहिलो कारण, किसानमा माटो व्यवस्थापन सम्बन्धी आधारभूत ज्ञानको कमी हुनु हो। माटो परीक्षण मार्फत समस्या पहिचान गर्ने, बाली अनुसार सन्तुलित रूपमा प्राङ्गारिक र रासायनिक मल प्रयोग गर्ने, खनजोत विधि, बाली चक्रमा कोशेबालीको महत्त्व र हरियो मल प्रयोगजस्ता विषयमा किसान अनभिज्ञ छन्।

'रासायनिक मल मात्रै प्रयोग गर्दा माटोको भौतिक, रासायनिक र जैविक सन्तुलन बिग्रन्छ, जसले माटोलाई अम्लीय बनाउने र पानी धारण गर्ने क्षमता घटाउने गर्दछ,' भट्टले भने।

दोस्रो कारण, प्राङ्गारिक पदार्थको ज्यादै न्यून उपलब्धता र प्रयोगलाई लिइएको छ। मधेशमा पशुपालक किसान संख्या घट्दै गएकाले गोठेमल अभाव छ भने उपलब्ध गोबरलाई पनि गुइँठा बनाएर जलाउने गरिएको छ।

बजारमा पाइने प्राङ्गारिक मल महँगो हुनु र बालीका अवशेष खेतमै जलाउने प्रचलनले गर्दा माटोले पोषक तत्त्व पाउन सकेको छैन। किसानले नाइट्रोजनयुक्त मल (युरिया र डीएपी) मात्र बढी प्रयोग गर्दा बिरुवाको वानस्पतिक विकासमात्र हुने तर माटोको स्वास्थ्य र उत्पादनमा गम्भीर समस्या देखिने गरेको उनले बताए।

यस्तै सिँचाइका लागि स्यालो ट्युबवेल गाडिए पनि विद्युतीकरण अभाव र मर्मत समस्याले गर्दा समयमा सिँचाइ हुन नसक्नु तेस्रो कारण हो। लामो समय माटो सुख्खा रहँदा यसको भौतिक, रासायनिक र जैविक गुणहरूमा प्रत्यक्ष असर पर्ने विज्ञ भट्टको ठम्याइ छ।

चौथो कारण, हिउँदे बालीपछि जमिन खाली छाड्ने प्रवृत्तिलाई मानिएको छ। हरियो मल (ढैंचा, मुङ, बोडी आदि) लगाएर फूल फुल्ने बेलामा जोतेर माटोमा मिलाउँदा उर्वराशक्ति बढ्ने भए पनि यसबारे किसानहरूमा प्राविधिक जानकारी र बिउ उपलब्धता न्यून छ।

**सिफारिसभन्दा बढी रासायनिक मल, प्राङ्गारिक शून्य**

किसानले माटोको स्वास्थ्यभन्दा पनि तत्कालको उत्पादनलाई ध्यान दिएर रासायनिक मलको अत्यधिक प्रयोग गरिरहेको भट्टले बताए।

'अध्ययन क्रममा किसानहरूले सिफारिसभन्दा बढी रासायनिक मल प्रयोग गरिरहेको पाइयो,' उनले भने, 'प्रतिहेक्टर कम्तीमा १० देखि २० टन प्राङ्गारिक मल हाल्नुपर्नेमा धेरैजसो किसानले विगत २-३ वर्षदेखि गोठेमल वा प्राङ्गारिक मल प्रयोग नै नगरेको देखियो।'

रासायनिक मलको जथाभावी प्रयोगले माटो साह्रो हुने, डल्ला पर्ने र माटोमा रहेका लाभदायक सूक्ष्म जीवाणु मर्दै जाने समस्या देखिएको छ।

'अनुसन्धानले ५० प्रतिशत रासायनिक र ५० प्रतिशत प्राङ्गारिक मलको सन्तुलन मिलाउँदा माटो राम्रो हुने देखाउँछ,' उनले भने, 'तर, यहाँ रासायनिक मलमात्र प्रयोग गर्दा माटोको उत्पादकत्व शक्ति नै ह्रास हुँदै गएको छ।'

**किसानका मुख्य समस्याः मल, सिँचाइ र लागत**

किसानले समयमा मल नपाउनुलाई मुख्य समस्याका रूपमा दर्शाएका छन्। मलपछि सिँचाइ समस्या अर्को ठूलो चुनौती रहेको छ। धेरै ठाउँमा बोरिङ भए पनि बिजुलीको लाइन नपुगेको, पोल नगाडिएको र कतिपय मेसिन बिग्रिएका कारण किसान मारमा छन्।

उत्पादन लागत पनि किसानका लागि टाउको दुखाइको विषय बनेको छ। किसानले जोताइको लागत निकै महँगो भएको गुनासो गरेका छन्, एक घण्टा जोतेको ३ हजार रुपैयाँसम्म तिर्नुपर्ने र एउटा खेत जोत्न ४-५ घण्टा लाग्ने हुँदा खेती गर्ने कठिन भएको उनीहरूको भनाइ छ। साथै, गुणस्तरीय बिउ उपलब्धतामा पनि समस्या देखिएको छ।

किसानले कृषि ज्ञान केन्द्र र स्थानीय तहका कृषि शाखाबारे जानकारी भए पनि त्यहाँबाट पाउने सेवा सुविधा पर्याप्त नभएको गुनासो गरेका छन्।

धनुषाको बटेश्वर गाउँपालिका-१ का किसान रामउद्गार महतोको मुख्य पेसा नै कृषि हो। करिब ५ बिघा जमिनमा खेती गर्दै आएका महतोले मुख्यतया आँप, धान र उखु रोप्ने गरेका छन्। उनलाई मल, बिउ र सरकारी प्राविधिक सहयोगको अभावले पिरोल्न छाडेको छैन।

कुनै समय आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता रहे पनि अहिले स्यालो ट्युबेल (बोरिङ) का कारण केही सहज भएको महतो बताउँछन्।

'हाम्रोमा जहिलेदेखि बोरिङ सिँचाइ भयो नि, त्यसपछि केही सहज भएको छ, केही मात्रामा उत्पादनलाई राहत पनि पुगेको छ,' उनी भन्छन्, 'तर, अहिले भएका ६ इन्चका ट्युबेलले मात्र पुग्दैन, सिँचाइको अझै ठूलो व्यवस्था भइदिए राम्रो हुन्यो।'

**मल र बीउ सास्ती**

उत्पादन बढे पनि समयमा रासायनिक मल र उन्नत बिउ नपाउँदा किसान समस्यामा छन्। खेती गर्ने बेला मलको हाहाकार हुने गरेको उनी बताउँछन्। 'मल र बिउ बेलैमा पाइँदैन, रासायनिक मल त प्रयोग गर्छौं तर त्यो पनि समयमा पाउन मुस्किल छ,' उनले थपे।

महतोले धान खेतीमा रासायनिक मलमात्र प्रयोग गर्ने गरेका छन् भने गोठेमल वा प्राङ्गारिक मल प्रयोग नगरेको बताए।

सरकारी निकाय र कृषि ज्ञान केन्द्रले साना किसानलाई बेवास्ता गरेको उनको गुनासो छ। 'कृषि ज्ञान केन्द्र त जनकपुरमा छ, तर उनीहरूले ठूला-ठूला मान्छेलाई मात्र चिन्छन्, हामीजस्ता साना किसानलाई त चिन्दैनन्,' उनले भने, 'हालसम्म ज्ञान केन्द्रबाट अन्य ठाउँका किसानलाई सहयोग भयो होला थाहा भएन, तर बटेश्वरका

बाँकी पृष्ठ ३

## आजको राशिफल

**मेष** : आज सानातिना समस्यामा अल्झनुपर्नेछ। आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला।
**बृष** : आज रमाइलो यात्राको योग रहेको छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।
**मिथुन** : आज लक्ष्मी प्रसन्न हुने योग छ। सामाजिक, धार्मिक कार्यमा रुचि बढ्नेछ।
**कर्कट** : आज लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। शुभकार्यको चर्चा चल्नेछ।
**सिंह** : सौन्दर्यतामा धन खर्च हुनेछ। नजिकका व्यक्तिबाट कार्यमा बाधा आइपर्ला।
**कन्या** : आज अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ। नयाँ कार्यको योजना बन्नेछ।
**तुला** : आज सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। आफ्नो कार्य सम्पादनमा सहजता मिल्नेछ।
**वृश्चिक** : रमणीय र सुखद् यात्राको योग छ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्।
**धनु** : आफन्तसँग मनमुटाव बढ्ने तथा गलत आश्वासन बाँड्नाले समस्या आउन सक्छ।
**मकर** : प्राविधिक काममा सफलता प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।
**कुम्भ** : घरायसी कार्य अगाडि बढ्नेछ। परिवारमा सुख सन्तोष छाउनेछ।
**मीन** : आज विद्या र बुद्धिको विकास हुनेछ। दाम्पत्य जीवन सुखमय रहला।



राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।
ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# योजनामा अनियमितताविरुद्ध आवाज उठाउँदा जनमतकी सांसद खातुनमाथि आक्रमण प्रयास

**अपन दैनिक संवाददाता**
**सर्लाही, जेठ १३ गते**

मधेश प्रदेशसभामा योजनासम्बन्धी अनियमितताको विषय उठाएकी जनमत पार्टीकी प्रदेशसभा सदस्य हसिना खातुनमाथि आक्रमण प्रयास भएको छ।

सांसद खातुनले प्रदेशसभाको बैठकमा योजना कार्यान्वयन नगरी भुक्तानी गरिएको विषय सार्वजनिक रूपमा उठाएकी थिइन्। त्यसपछि सर्लाहीस्थित उनको निवास घेराउ गरी केही व्यक्तिले बुधबार आक्रमणको प्रयास गरेको घटना सार्वजनिक भएको छ।




घटनापछि राजनीतिक तथा नागरिक तहबाट सांसदमाथि भएको भनिएको आक्रमण प्रयासको निन्दा गरिएको छ। जनमत पार्टीका संस्थापक अध्यक्ष डा. सीके राउतले समाजिक सञ्जालमार्फत घटनाको घोर भत्सर्ना गर्दै दोषीलाई कार्बाहीको माग गरेका छन्।

लोकतान्त्रिक व्यवस्थामा जनप्रतिनिधिले उठाएको विषयलाई लिएर धम्की र दबाब दिन खोज्नु गम्भीर विषय भएको भन्दै दोषीमाथि तत्काल कारबाही गर्नुपर्ने राउतले माग गरेका छन्।

सर्लाहीको कविलसमा एक योजनाको काम नगरी भुक्तानी भएको विषयमा सांसद खातुनले प्रदेशसभामा गत शुक्रबार अवाज उठाएकी थिईन।

राउतले सो योजनाको छानबिन गर्न अख्तियार दुरुपयोग आयोगसँग समेत आग्रह गरेका छन्। घटनाको विषयमा अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ।

# मल आपूर्ति सहज बनाउन निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्छः कृषि सचिव

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ १३ गते**

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. राजेशप्रसाद मिश्रले मल आपूर्तिलाई सहज बनाउन निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्ने बताएका छन्।

बुधबार बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा उनले राज्यले मात्रै मल खरिद गरेर समस्या समाधान नहुने बताएका हुन्।

उनले सरकारी नियन्त्रणमुखी प्रणालीले समस्या बढाएको उल्लेख गर्दै निजी क्षेत्रलाई मल कारोबारमा सहभागी गराउनुपर्ने आवश्यकता औंल्याए।

निजी क्षेत्रलाई सहभागी गराउन खरिद ऐन संशोधन गर्नुपर्ने उनको भनाइ छ।

उनले रासायनिक मल अभाव मन्त्रालयको कारणले नभई विश्वव्यापी



आपूर्ति संकटका कारण उत्पन्न भएको बताए।

आगामी साउनसम्म मल अभाव हुन नदिने गरी सरकार सक्रिय रहेको उनको दाबी छ।

उनकाअनुसार गत वर्षको तुलनामा यसवर्ष मल वितरणको अवस्था सुधारिएको छ। उनले साउनमा भारत सरकारसँगको जी-टू-जी प्रक्रियाबाट थप मल आउने गरी सुनिश्चितता गरिएको बताए।

उनले वितरण प्रणालीलाई स्थानीय सरकारमार्फत किसानमुखी बनाउने नीति लिएको पनि जानकारी दिए।

स्थानीय तह, सहकारी तथा जिल्ला प्रशासनमार्फत अनुगमन गरी कालोबजारी रोक्न निगरानी बढाइएको पनि बताए।

उनले भने, 'जबसम्म मल खरिदको प्रक्रियामा हामी निजी क्षेत्रलाई सहभागी हुने वातावरण बनाउँदैनौं, तबसम्म सरकारी नियन्त्रित प्रणालीहरूमा यी समस्याहरू रहिरहन्छन्। किनकि लाजेस्ट सिस्टम हुन्छ, कन्ट्रोल्ड सिस्टमहरू जहिले पनि प्रब्लमेटिक हुन्छन्। यसले गर्दाखेरि निजी क्षेत्रलाई एउटा राम्रो माहौलमा मलको कारोबारमा सहभागी हुने वातावरण हामीले बनाउनुपर्छ। अरू कन्ट्रीहरूको अनुभवलाई पनि लिएर निजी क्षेत्रलाई यो प्रक्रियामा सहभागी हुने वातावरणका लागि आगामी दिनमा हामी खरिद ऐन समेत संशोधन गरेर अगाडि बढौं।'

बाँकी पृष्ठ ४ ▶▶

## सहिद हेमनारायण गोल्डकप ...............

अन्त्यतिर सलहेशका फागुराम थारुले ४२औं मिनेटमा बराबरी गोल फर्काउँदै खेललाई १-१ को अवस्थामा पुऱ्याए।

दोस्रो हाफ सुरु भएको केही समयमै सलहेशका अवि लामाले ४६औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसपछि सलहेशले थप एक गोल गर्दै खेल ३-१ ले आफ्नो पक्षमा पार्न सफल भयो।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका सलहेश युवा क्लबका अवि लामा 'प्लेयर अफ द म्याच' घोषित भए। उनले नगद ३ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे।

जेठ १५ गते गणतन्त्र दिवसको दिन हुने फाइनल खेलमा सलहेश युवा क्लब सिरहाले आर.आइ.एफ.सी काठमाडौंसँग उपाधिका लागि प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले नगद ३ लाख रुपैयाँसहित रनिङ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १ लाख ५० हजार रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

त्यसैगरी, प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई 'म्यान अफ द म्याच' घोषित गरी नगद पुरस्कार र ट्रफी प्रदान गरिनेछ। विधागततर्फ उत्कृष्ट खेलाडीलाई समेत नगदसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

सलहेश युवा क्लब सिरहाको आयोजनामा तथा सिरहा नगरपालिकाको मुख्य सहयोग र सिरहा जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन भइरहेको छ।

आयोजकका अनुसार प्रतियोगिताले मधेश क्षेत्रमा फुटबल विकास, युवा प्रतिभा पहिचान तथा खेल पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास लिइएको छ।




## नरहाका विद्यालयले अझै पाएन ............

प्रधानाध्यापकले भने, 'केही उधारो छ कतिपय अवस्थामा व्यक्तिगत लगानी पनि गरिरहेका हुन्छौं। पलिकाले जति तागेता गरेपनि समया दिने हैन।' पाठ्यपुस्तक भने धैरैले उधारोमा लिएका छन्।

छात्रवृत्तिको रकम समयमा नआउँदा अभिभावकका गुनासो सुन्नु पर्ने प्रधानअध्यापकहरुको भनाई छ। आधारभुत विद्यालयहरुबाट कक्षा पाँच उतिर्ण गरेर विद्यार्थीहरु माथिल्लो तह अध्यनको लागि अन्यत्र गएकाले उनीहरुले छात्रवृत्ति नपाउँदा समस्या हुने गरेको छ। नगन्यमात्रामा आउने मसलन्दको रकमसमेत अझैसम्म नपाएको प्रधानाध्यापकहरुको गुनासो रहेको छ।

विद्यालयका शैक्षिकशत्र २०८२/०८३ को हालसम्म शिक्षकको तलव बाहेक कुनै रकम नगएको प्रधानाध्यापकहरुले बताए।

आधारभुत विद्यालय नरहा ५ बलुवाका प्रधानाध्यापक प्रेमकली यादवले पनि पाठ्यपुस्तक उधारोमा किनेको र खाजा आफ्नो व्यक्तिगत लगानीमा अहिलेसम्म खुवाउँदै आएको बताए। उनले भने, 'पालिकाले खाजा सञ्चालन गर्ने अनुमति दिन्छ। नचलाउँ पनि भएन। चलायो, अर्को शैक्षिक शत्र सुरुभईसक्यो अझै रकम आएको छैन। यो भन्दा वेथिती के हुन्छ।'

उनले सोमबार अपरान्हसम्म आफ्नो विद्यालयको खातामा कुनै रकम जम्मा नभएको बताए। उनले भने, 'मैले पाठ्य पुस्तक लिएका व्यसायीलाई चेक दिएको थिएँ। उहाँ सोमबार बैंक जादा चेक भजेन। यसको अर्थ रकम गएको छैन।'

सरण माध्यमिक विद्यालयका प्र.अ. सरस्वती साहलेपनि अझै रकम विद्यालयको खातामा नपुगेको बताए। उनले भने, 'म आफै शिक्षा शाखा हेर्नेगरी थप जिम्मेवारीमा छु, मैले नभ्यार काम ढिलो भएको हो। अव मैले सवै काम सकेर फाईल लेखाको जिम्मा लगायई सकेको छु। लेकाका कर्मचारी बाहिर भएकाले गएको छैन। आईतबार सोमबारसम्मा सवै विद्यालयमा जान्छ।'

उनले समयमा रकम प्राप्त नहुँदा समस्या झेल्नु परेको बताए।

यता प्रमुख प्रशासकीय अधिकृत उदित्य कुमार कर्णले भने रकम यहि साता गईसकेको दावी गरे। उनले रकम पुगेको दावी गरेपनि विद्यालयको खातामा पुगि नसकेको प्रधानाध्यापकहरु बताउँछन्।

यस पालिकामा जम्मा १३ वटा सामुदायिक विद्यालयहरु छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

## संकटमा मधेशको माटोः जैविक गुण सकिंदा ढुंगा जस्तै ............

किसानलाई केही भएको छैन।'

माटोको गुणस्तर परीक्षणबारे पनि सरकारी पहल शून्य रहेको महतोले बताए। 'एक पटक माटो चेक गर्न हेटौंडा पुग्नुपर्छ भनेको थियो, त्यो पनि १५ वर्ष पहिलेको कुरा हो,' उनले भने, 'त्यसपछि हाम्रो माटो कसैले हेरेको छैन।'

सरकारले ढैंचा (हरियो मल) जस्ता विकल्प र माटो सुधारका कार्यक्रम ल्याएको बताए पनि आफूहरूले त्यसबारे जानकारी र बिउ नपाएको उनको भनाइ छ।

### सुधारका लागि ढैंचा र चुनमा ५० प्रतिशत अनुदान

बटेश्वरका किसान महतोले गुनासो गरिरहँदा कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीपकुमार यादवले भने माटोको अम्लीयपन सुधार्न 'माटो स्वास्थ्य सुधार' कार्यक्रम सुरु गरिएको बताए। यसका लागि ज्ञान केन्द्रले ५० प्रतिशत अनुदानमा ढैंचाको बिउ र प्राङ्गारिक मल वितरण गरिरहेको उनले दाबी गरे।

'सरकारी फार्ममा १ सय ६० रुपैयाँ पर्ने ढैंचाको बिउ किसानले ८० रुपैयाँमा पाइरहेका छन्,' उनले भने, '२० लाख रुपैयाँको बजेटबाट ५० प्रतिशत अनुदानमा प्राङ्गारिक मल र चुन वितरण गर्ने कार्यक्रम पनि छ।'

ज्ञान केन्द्रले हाल लक्ष्मिनिया गाउँपालिका लगायत क्षेत्रमा माटो परीक्षण गरिरहेको र किसानलाई रासायनिक मलको विकल्पमा प्राङ्गारिक खेतीतर्फ लाग्न जनचेतना फैलाइरहेको बताएको छ।

यस्तै मधेश प्रदेशको कृषि विकास निर्देशनालयले पनि माटोमा बढ्दो अम्लीयपन र खस्कँदो उर्वराशक्ति सुधार्न प्रदेश सरकारले विभिन्न सहुलियतपूर्ण कार्यक्रम अघि बढाएको बताएको छ।

कृषि विकास निर्देशनालयका सूचना अधिकारी सुदीप चौधरीले माटोको स्वास्थ्य रक्षा र सिँचाइ विस्तारका लागि ठूलो मात्रामा अनुदानको व्यवस्था भएको बताए।

सूचना अधिकारी चौधरीले माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाउन ८५ प्रतिशत अनुदानमा मल वितरण भइरहेको बताए।

'हामीले जिल्ला-जिल्लामा ८५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण गरिरहेका छौं,' उनले भने, 'माटोको अम्लीयपन घटाउन र पीएच मान सन्तुलनमा ल्याउन कृषि चुन पनि बाँड्ने काम भइरहेको छ।'

मधेशमा सिँचाइ समस्या समाधान गर्न डिप बोरिङभन्दा स्यालो ट्युबेल बढी सफल देखिएको चौधरीले बताए। डिप बोरिङमा मर्मत सम्भार र विद्युतीकरण समस्या देखिने गरेका कारण सरकारले स्यालो ट्युबेलमा जोड दिएको उनको भनाइ छ।

'अहिले मधेश प्रदेशमा ८५ प्रतिशत सरकारी अनुदान र १५ प्रतिशत किसानको लगानीमा स्यालो ट्युबेल जडान गर्ने कार्यक्रम व्यापक रूपमा भइरहेको छ,' उनले भने, 'यसले किसानलाई सिँचाइ र उत्पादन बढाउन मद्दत पुऱ्याएको छ।'

हाल निर्देशनालयले विभिन्न सहकारी र समूहहरूसँग मिलेर माटो परीक्षण र सुधारका काम गरिरहेको उनको भनाइ छ।

### सुधारका लागि गर्नुपर्ने पहल

माटोको उर्वराशक्ति व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहले एकीकृत रूपमा जनचेतनामूलक कार्यक्रम र माटो स्वास्थ्य सुधारका क्रियाकलाप सञ्चालन गर्नुपर्ने वरिष्ठ माटो विज्ञ भट्ट बताउँछन्।

माटो परीक्षण सेवा किसानको पहुँचसम्म पुऱ्याउन संस्थागत संयन्त्र र प्राविधिक जनशक्ति व्यवस्थापन अपरिहार्य रहेको उनको भनाइ छ।

'सुधारका लागि प्राङ्गारिक र रासायनिक मलको सन्तुलित प्रयोग, बाली अवशेष नजलाउने विधि, जैविक मल, गँड्यौला मल, बायोचार, कम्पोस्ट मल प्रवर्द्धन र हरियो मलको बिउ उत्पादन तथा वितरणमा सहयोग गर्नुपर्ने देखिन्छ,' उनले भने, 'साथै, सिँचाइका लागि ट्युबेल निर्माण, मर्मत र पूर्णविद्युतीकरण योजनाबद्ध रूपमा गरिनुपर्छ।'


भट्टका अनुसार माटो विज्ञानको दृष्टिकोणले हेर्दा कुनै एक स्रोत (प्राङ्गारिक वा रासायनिक) बाट मात्र सबै खाद्यतत्त्व पूरा गर्न खोज्नु आर्थिक र वातावरणीय रूपमा उपयुक्त हुँदैन।

'माटो परीक्षणका आधारमा सन्तुलित मल प्रयोग नै दिगो विकल्प हो,' भट्टले भने, 'देशको खाद्य सुरक्षा र नागरिकको खाद्य सम्प्रभुता सुनिश्चित गर्न अभियानकै रूपमा माटो सुधार कार्यक्रम सञ्चालन गर्नुपर्छ।'

उनले माटोको दिगो व्यवस्थापनका लागि बलियो संस्थागत संरचना र योजनाबद्ध कार्यक्रम कार्यान्वयनमा जोड दिए।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

# संविधान संशोधनमा तमलोपाको सुझाव: समग्र मधेश दुई प्रदेश



अपन दैनिक संवाददाता
सिरहा, जेठ १३ गते

तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले 'समग्र मधेश दुई प्रदेश'को व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ।

बृषेशचन्द्र लाल नेतृत्वको तमलोपाले संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदललाई सुझाव दिँदै समग्र मधेशलाई पूर्वी र पश्चिमी मधेशका रुपमा पुनः सिमांकन गर्न माग गरेको हो।

आठ जिल्लालाई मधेश प्रदेशमा र अन्य जिल्लालाई अन्य प्रदेशमा राखिँदा मधेश र थरुहटका जनताले असम्मानित महसुस गरेको तमलोपाको भनाइ छ।

संविधान जारी भएदेखि नै प्रदेशहरुको सिमांकन विवादास्पद भएको भन्दै तमलोपाले भनेको छ, 'मधेशका आठ जिल्ला बाहेकका क्षेत्र जबर्जस्ती अन्य प्रदेशमा गाभिएका छन्।

यहाँका मधेश र थरुहटका जनता पहिचान र स्वशासनको हकमा असम्मानित महसुस गरेका छन्। हामी समग्र मधेश दुई प्रदेश पूर्वी र पश्चिमी मधेशहरुका रुपमा पुनर्सीमांकनको माग गर्दछौं।'

तमलोपाले संविधान संशोधन सम्बन्धमा निर्वाचन प्रणाली, शासकीय स्वरुप लगायतका विषयमा आठ बुँदे सुझाव दिएको छ।

संघीयतालाई बलियो बनाउनुपर्ने उसको जोड छ। सुझाव पत्रमा लेखिएको छ, 'संविधान संशोधन मार्फत् संघीयतालाई कमजोर गर्ने वा यसको स्वरुप परिवर्तन गरी शक्तिको केन्द्रीकरणको कुनै पनि प्रयास स्वीकार्य हुने छैन भन्नेतर्फ ध्यान आकर्षित गर्दछौं।'

**प्रदेशलाई निर्वाचन क्षेत्र मानेर पूर्ण समानुपातिक प्रणाली**

साथै प्रदेशलाई निर्वाचन क्षेत्र मानेर पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्न पनि तमलोपाले सुझाव दिएको छ। 'प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा प्रदेशलाई निर्वाचन क्षेत्र मानी पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरियोस्,' तमलोपाले भनेको छ।

राष्ट्रिय सभामा समेत जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्ने उसको माग छ।

तमलोपाले नेपालमा शासकीय स्वरुपको निमित्त 'वेष्टमिनिटर बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था' नै सबैभन्दा उपयुक्त हुने जिकिर गरेको छ।

साथै 'स्थानीय सरकारको निर्वाचन गैरदलीय' आधारमा हुने व्यवस्था गर्न पनि तमलोपाले सुझाव दिएको छ।

## रास्वपा सभापतिसहित १७ सांसदमाथि अनुसन्धान गर्न .............

लेखिएको छ, 'कारागार र बाल सुधार गृहमा रहेका कैदीबन्दी तथा बालबिज्याइँकर्तालाई कारागार बाहिर पठाउन सहयोग गरी माथि उल्लेख गरेबमोजिम आम नेपाली नागरिकहरूको मानवअधिकार उल्लंघन हुने कार्यमा रवि लामिछाने र नख्खु कारागार प्रशासक सत्यराज जोशीको पनि संलग्नता रहेको देखिन्छ।'

पूर्वगृहमन्त्री तथा रास्वपा सांसद सुधन गुरुङलाई जेन-जी आन्दोलन उग्र बनाउन भूमिका खेलेको आयोगको प्रतिवेदनमा उल्लेख छ। 'शान्तिपूर्ण प्रदर्शन गर्ने भनी अनुमति लिएकोमा प्रदर्शन हिंसात्मक हुँदै जाँदा रोक्न नसकेको देखिएकोले आफूले आयोजना गरेको कार्यक्रममा घुसपैठ रोक्न तथा प्रदर्शनलाई हिंसात्मक हुन नदिन आवश्यक कार्य गर्न पुरुषोत्तम यादव, सबल गौतम, अंकित मल्ल, खेमराज साउद तथा हामी नेपाल संस्थाका अध्यक्ष सुधन गुरुङसमेतलाई थप अनुसन्धान गर्न' आयोगले सिफारिस गरेको छ।

जेन-जी आन्दोलनपछि भएको चुनावबाट रास्वपाका सांसद बनेकाहरूलाई पनि अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न आयोगले सिफारिस गरेको छ। त्यसरी सिफारिस गरिएका सांसदमा गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, तोसिमा कार्की, राजीव खत्री, सोम शर्मा, केपी खनाल, दीपक बोहरा, मनिष झा, ज्वाला संग्रौला, आशिका तामाङ, शिव यादव, हरि ढकाल रहेका छन्। 'प्रदर्शनपूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात जेन-जी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको भन्ने निजहरूको सामाजिक सञ्जाल, प्रकाशित समाचार र राष्ट्रिय अनुसन्धान विभागले निजहरू प्रदर्शनमा सहभागिता हुनसक्ने भनी संकलन गरेको प्रतिवेदनसमेतका आधारमा उल्लेख हुन आएको देखिँदा भाद्र २३ र २४ गतेको घटनामा भएको मानवीय क्षति र भौतिक क्षति समेतका कार्यमा निजहरूको संलग्नता रहे नरहेको' सूक्ष्म अनुसन्धान गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ।

जेन-जी आन्दोलनमा सहभागी भएको र घाइतेको उपचार तथा उद्धारमा सहभागी भएकै कारण अनुसन्धान सिफारिस गरिनु सही नभएको रास्वपाका सांसदले बताएका छन्। अनुसन्धान सिफारिस गरिएकोले अब चाँडै आफ्ना बारेमा छानबिन र अनुसन्धान गर्न रास्वपा प्रवक्ता समेत रहेका सांसद मनिष झाले बताए। 'आयोगले थप अनुसन्धान गर्न भनेर सिफारिस गरेको छ। त्यो अनुसन्धान चाँडै गरियोस् भन्ने अनुरोध छ। निष्पक्ष र स्वतन्त्र अनुसन्धान होस्,' झाले भने। पार्टी सभापति रवि लामिछानेलाई भीडबाट जोगाउनका लागि आफू नख्खु कारागार पुगेको झाको भनाइ छ।

सांसद तोसिमा कार्कीले भने भदौ २३ मा प्रहरीको गोली लागेर घाइते भएकाहरूलाई उपचार गर्न सिभिल अस्पताल गएको बताइन्। राज्यको तर्फबाट चलेको गोलीले घाइते भएकाको उपचार गर्न गएको आफू अनुसन्धान गर्ने भन्दैमा नआत्तिने उनको भनाइ छ। 'जेन-जी आन्दोलनमा प्रदर्शनकारीको मृत्यु र घाइते हुन थालेपछि चिकित्सक र सांसद भएकाले सिभिल अस्पतालमा उपचार गर्न गएको हो। सामाजिक सञ्जालमा उपचार गर्न जान्छु भन्ने लेखेर गएको हो,' उनले भनिन्, 'सरकार र हत्यामा संलग्न भएपछि यसको कठपुतली बनेको संसद्को सदस्य बन्न सक्दिन भनेर सांसद पदबाट राजीनामा पनि दिएको हो। मानवअधिकार आयोगले मानवलाई बचाउन गएको व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याउनु नपर्ने हो। मानवअधिकार आयोगले अनुसन्धान गर्नु भन्दैमा आपत्ति जनाइहाल्नुपर्ने छैन।'

आयोगको सिफारिसप्रति रास्वपाका बाग्लुङ-२ बाट निर्वाचित सांसद सोम शर्माले आपत्ति जनाएका छन्। आन्दोलनमा घाइते भएका व्यक्तिलाई नै अनुसन्धानको माग गर्नु सही नभएको उनको भनाइ थियो। 'आयोगको सिफारिसमा मेरो गम्भीर आपत्ति छ। आन्दोलनमा आफैं घाइते भएको मान्छे हो। घाइतेलाई नै दोषी बनाएर कारबाही सिफारिस गरिन्छ भने प्रतिवेदनमाथि नै शंका उब्जिन्छ। जो घाइते छ, राज्यको गोलीबाट बाचेको छ उसैलाई अनुसन्धान गर्नु भनेको छ,' शर्माले भने, 'अनुसन्धान पर्याप्त नगरी प्रतिवेदन ल्याएको हो कि भन्ने लाग्यो।' अनुसन्धानमा बोलाएको ठाउँमा जाने र आफूले जेन-जी आन्दोलनमा सहभागी भएर कुनै गलत नगरेको सांसद शर्माको भनाइ छ। 'फेरि अनुसन्धान होला, जहाँ बोलायो त्यहाँ गएर बोलौंला,' उनले भने।

**अनुसन्धानका लागि सिफारिस गरिएका रास्वपा सांसद :**

१. रवि लामिछाने
२. सुधन गुरुङ
३. दीपक बोहोरा
४. मनिष झा
५. गणेश कार्की
६. सुलभ खरेल
७. बब्लु गुप्ता
८. कृष्ण कार्की
९. तोसिमा कार्की
१०. राजिव खत्री
११. शोम शर्मा
१२. केपी खनाल
१३. ज्वाला संग्रौला
१४. पुरुषोत्तम यादव
१५. आशिका तामाङ
१६. हरि ढकाल
१७. शिव यादव

# मधेश प्रदेश सरकारले शुक्रबार नीति तथा कार्यक्रम ल्याउँदै




अपन दैनिक संवाददाता
सिरहा, जेठ १३ गते

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम शुक्रबार (जेठ १५ गते) ल्याउने भएको छ। शुक्रबार बिहान ११ बजे बस्ने प्रदेशसभा बैठकमा प्रदेश प्रमुख डा सुरेन्द्र लाभ कर्णले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

प्रदेशसभा सचिवालयले जनाए अनुसार प्रदेश प्रमुख कर्णले नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश सरकारको आव २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम मार्फत सभालाई सम्बोधन गर्नेछन्।

यस पटकको बजेटका लागि नीति तथा कार्यक्रममै स–साना टुक्रे योजनाहरू निरुत्साहित गरिएको छ। नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले स–साना टुक्रे योजनाहरू निरुत्साहित गरी एक करोडभन्दा माथिको बहुवर्षीय, गौरवको योजना र मझौला योजनाहरूमा जोड दिइएको छ।

अपन दैनिकसँग कुरा गर्दै उनले भने, 'अन्य वर्षको तुलनामा यस वर्ष फरक किसिमको आवश्यकता र क्षमताको आधारमा तयार पारिएको हो। आउँदो नीति तथा कार्यक्रममा रोजगार सिर्जना, गरीबी न्यूनीकरण, जिडीपी वृद्धि, आर्थिक र सामाजिक विकासका योजनामा प्राथमिकता दिइएको छ।'

बजेटमा समेटन सकिने कृषि उत्पादन, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य र सामाजिक आवश्यकताका योजनाहरुमा बढी जोड दिइएको सिंहले जनाए।

पछिल्ला वर्षहरुमा नीति तथा कार्यक्रमभन्दा बजेट आउने गरेको देखिएको छ, यस पटक पनि त्यसै हुने हो कि भन्ने प्रसंगमा सिंहले भने 'आउँदो नीति तथा कार्यक्रम मन्त्रिपरिषद्को बैठकबाट के कस्ता विषयमा समेट्ने छलफल गरी नै तयार पारिएको छ। तर पछिल्ला वर्षहरूमा यस्तो हुने गरेको थिएन। विना छलफल नीति तथा कार्यक्रम ल्याउँदा बजेट फरक हुन जान्थ्यो। यस पटक त्यस्तो हुँदैन।'

# अनितादेवी राय हत्या प्रकरण: अनुसन्धानका लागि छिमेकी पक्राउ



अपन दैनिक संवाददाता
राजविराज, जेठ १३ गते

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५, बनरझुलाकी ३६ वर्षीया अनितादेवी रायको हत्या प्रकरणमा छिमेकी नै पक्राउ परेका छन्। पक्राउ पर्नेमा सोही ठाउँका ३० वर्षीय बब्लु राय रहेका छन्। पक्राउ गरिएका बब्लुमाथि थप अनुसन्धान गर्न ७ दिनको म्याद लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले जानकारी दिए।

उनका अनुसार मृतक अनितादेवीका श्रीमान् वीरेन्द्र रायले बब्लुविरुद्ध जाहेरी दिएका थिए। घटनापछि फरार रहेका बब्लुलाई गत सोमबार पक्राउ गरिएको हो। 'गलिसकेको अवस्थामा महिलाको शव बरामद गरेका थियौं,' डीएसपी पुरीले भने, 'घटनाबारे थप सुक्ष्म रूपमा अनुसन्धान भइरहेको छ।'

वैशाख २३ गते राति घरमा एक्लै सुतिरहेकी अनितादेवीलाई बेपत्ता पारिएको थियो। बिहान घरमा नदेखिएकी अनितादेवीलाई सोधखोज गर्दा आँगनमा रगतका छिटा देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गरेका थिए। स्थानीय र प्रहरी मिलेर खोजी थालिएको अनितादेवीको शव एक सातापछि हातखुट्टा बाँधिएको तथा खुट्टा र टाउकोतिर १०/१२ किलोको ढुंगा बेरिएको अवस्थामा कोशी नदीको पश्चिमी किनारमा भेटिएको थियो।

आमा बेपत्ता भएको राति बिहेमा जन्ती गएकी उनकी १२ वर्षीया छोरी काजलकुमारी घटनापछि, आमाको तस्विर नियाल्दै न्याय पर्खिरहेकी छिन्। भने श्रीमतीको हत्यापछि वैदेशिक रोजगारी कतारबाट घर फर्किएका वीरेन्द्रले पनि हत्यारालाई हदैसम्मको कारबाही हुनुपर्ने माग गरेका छन्।

# मधेशका नवनियुक्त शिक्षामन्त्री सिंहको प्राथमिकता: शैक्षिक गुणस्तर सुधार, साक्षरता दर वृद्धि

अपन दैनिक संवाददाता
सिरहा, जेठ १३ गते

मधेश प्रदेश सरकारका नवनियुक्त शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले शिक्षा क्षेत्र सुधार गर्दै साक्षरता दर वृद्धि आफ्नो पहिलो प्राथमिकता हुने बताएका छन्।

मंगलबार पदबाहर ग्रहणपछि अपन दैनिकसँग टेलिफोनमा कुरा गर्दै मन्त्री सिंहले आफ्ना योजना र प्राथमिकताबारे जानकारी दिएका हुन्।

मधेश प्रदेश शिक्षा तथा साक्षरताको क्षेत्रमा अन्य प्रदेशको तुलनामा पछाडि रहेको उल्लेख गर्दै उनले विद्यालय शिक्षा, विद्यार्थी पहुँच र शैक्षिक गुणस्तर सुधारमा विशेष ध्यान दिइने बताए।

'मधेश प्रदेशलाई शिक्षाको क्षेत्रमा माथि उठाउनु अहिलेको आवश्यकता हो। साक्षरता दर वृद्धि गर्दै गुणस्तरीय शिक्षाको पहुँच गाउँ-गाउँसम्म पुर्‍याउने गरी काम अघि बढाइने छ,' मन्त्री सिंहले भने।

२०७८ सालको जनगणना अनुसार मधेश प्रदेशमा साक्षरता दर ६३.५ प्रतिशत छ। बागमतीको सबैभन्दा धेरै ८२.१ प्रतिशत छ।

मन्त्री सिंहले शिक्षा क्षेत्र सुधारसँगै भाषा, कला तथा सांस्कृतिक संरक्षणका कार्यक्रमलाई समेत प्रभावकारी रूपमा अघि बढाउने योजना रहेको सुनाए।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले सिंहलाई शिक्षा तथा संस्कृति मन्त्री पदमा नियुक्त गरेका हुन्। सिंह सिरहा क्षेत्र नं. ३ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए।

उनले मंगलबार नै मन्त्री पदको शपथ ग्रहण गर्दै मन्त्रालयको जिम्मेवारी समेत सम्हालिसकेका छन्।



## मल आपूर्ति सहज बनाउन निजी क्षेत्रलाई .............

उनले अगाडि भने, 'मन्त्रालयले आफूसँग भएका सबै विकल्प प्रयोग गरेर काम गरिराखेको छ। टेक्निकल क्षमता, फाइनान्सियल क्षमता, डिप्लोमेटिक क्षमतासहित हामी काम गरिराखेका छौं। गत वर्षको यही समयमा भएको मलको वितरणभन्दा यो वर्षको वितरण बढी छ। साउनमा मल आयातको लागी हामीसँग दुई-तीनवटा प्रक्रियामा छ, हामी जतिसक्दो दैनिक फलोअप गरिराख्या छौं। जी-टू-जीको प्रक्रियामा पनि भारत सरकारसँग काम गरिराछौं। त्यो मल साउनमा आउँछ। अहिले विश्व बजारमा रासायनिक मलको आपूर्ति आधाभन्दा बढी घटेको छ।'

उनले रासायनिक मलको दीर्घकालीन समाधानका रूपमा प्राङ्गारिक मल र स्थानीय उत्पादन प्रणालीलाई पनि प्राथमिकता दिएको बताए।